"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

www.chingadmun.gov.np
chingadgaunpalika@gmail.com

पत्र सं: २०८१/०८२
च.नं.: १६

मिति : २०८२।०४।०७
ने.सं. ११४५ दिल्लागा चतुर्दशी

श्री सहकारी संस्थाहरु सबै,
चिङ्गाड गाउँपालिका, सुर्खेत ।

विषय: साधारणसभा सञ्चालन सम्बन्धमा चिङ्गाड गाउँपालिकाको मार्गदर्शन ।

प्रस्तुत विषयमा सहकारी ऐन तथा नियमावली र सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारणसभा सञ्चालन (कार्यव्यवस्था) निर्देशिकाको अधिनमा रही सदस्यहरुको लोकतान्त्रीक नियन्त्रणको सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको लेखापरिक्षण, साधारणसभाको बैठक आयोजना, कार्य प्रणाली र निर्णय प्रमाणिकरणका विषयहरु निर्धारण गर्न वान्छनिय भएकोले सहकारी ऐन तथा नियमावली र प्रचलित कानून बमोजिम यस चिङ्गाड गाउँपालिकाको नियमन क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुका लागि यो मार्गदर्शन जारी गरिएको छ ।

१. सहकारी संस्थाहरुले आर्थिक वर्ष व्यतित भएको तिन महिना भित्र लेखापरिक्षणको कार्य सम्पन्न गरि सक्नु पर्ने ।
२. लेखापरिक्षक नियुक्ती र पारिश्रमिक निर्धारणका सम्बन्धमा सहकारी ऐन तथा कानूनको व्यवस्था बमोजिम गर्नु पर्ने ।
३. लेखापरिक्षकले लेखापरिक्षण प्रतिवेदन पेश गर्दा नेपाल सरकारले तोकेको लेखामान सिद्धान्तका आधारमा प्रतिवेदन तयार गरि सहकारी विभागबाट जारी सहकारी संस्थाहरुको लेखापरिक्षण निर्देशिकाले तोकेको व्यवस्था अनुसरण गर्दै यस चिङ्गाड गाउँपिलिकाको कार्यालय समक्ष प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने ।
४. सहकारी संस्थाहरुले साधारण सभाको सुचना प्रकाशन गर्दा सहकारी संस्थामा सुशासन प्रवर्धनका लागि जारी गरिएको एकिकृत निर्देशन अनुसार तिस दिन अगावै प्रस्ताव सहितको सार्वजनिक सुचना प्रकाशन गर्ने ।
५. सहकारी ऐन तथा कानूनको व्यवस्था अनुसार दुई हजार वा सो भन्दा बढी सदस्य भएको सहकारी सहकारी संस्थाहरुले सधारण सभा गर्दा समान कार्यसूचिमा तोकिए बमोजिम सदस्य संख्याका आधारमा वडा वा सेवा केन्द्रहरुमा संचालक समितिका सदस्यहरु पठाई साधारणसभा गर्न र त्यस्तो साधारण सभाको निर्णय प्रमाणित गर्न, प्रतनिधि छनौट गर्न, बैठक संचालन गर्न, बैठकका निर्णयहरु प्रमाणित गर्दा संचालक समितिका सदस्य संख्या भन्दा एक जना प्रतिनिधि सदस्यहरुबाट समेत प्रमाणित गराउने व्यवस्था मिलाउने । साथै सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) निर्देशिकाको पुर्ण रुपमा पालना गर्ने गराउने ।



CamScanner

"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

www.chingadmun.gov.np

chingadgaunpalika@gmail.com

पत्र सं: २०८१/०८२

च.नं.: १६

६. साधारण सभा संचालन गर्दा फराकिलो कार्य क्षेत्र र दुई हजार भन्दा बढी सदस्य संख्या भएका सहकारी संघसंस्थाहरुले भौगोलिक अवस्थितिका कारण एकै ठाउँमा भेला हुन नसक्ने अवस्थामा सदस्यहरुलाई पायक पर्ने स्थानमा बढी भन्दा बढी सदस्यहरुको सहभागीता हुने गरि बढीमा सात वटा सम्म इकाइहरु गठन गरि सभा संचालन गर्ने ।

७. नियामक निकायबाट दिइएको निर्देशन तथा सुझावहरुको कार्यान्वयन सम्वन्धमा साधारणसभामा छलफल गर्ने गराउने ।

८. साधारणसभा सम्पन्न भएको पन्ध्र दिन भित्र साधारसभाको निर्णयको प्रमाणित प्रतिलिपि, उपस्थितिको प्रमाणित प्रतिलिपि, लेखापरिक्षण प्रतिवेदन, लामो फाराम प्रतिवेदन यस चिङ्गाड गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्ने ।

९. साधारणसभा गर्दा भड्कीलो र खर्चिलो नहुने गरि मितव्ययी ढंगबाट सञ्चालन गर्ने ।

१०. सबै सहकारी संस्थाहरुले २०८२ पौष मसान्त भित्र अनिवार्य रुपमा साधारणसभा सम्पन्न गर्ने ।

११. नेपाल सरकार, सहकारी विभाग, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, स्थानिय प्रशासन तथा यस चिङ्गाड गाउँपालिकाबाट जारी मापदण्डहरुको पालना गर्ने ।

१२. साधारणसभा सम्वन्धि विवरण सभा सम्पन्न भएको पन्ध्र दिमन भित्र www.copomis.gov.np मा समेत अद्यावधिक गर्ने ।

१३. सहकारी संस्थाहरुले अनिवार्य रुपमा COPOMIS प्रणाली संचालन गरि संस्थाको संचालकीय, व्यवस्थापकीय र वित्तिय विवरण अद्यावधिक गर्नुपर्ने ।

८२/०८/०६

मणिराम खराल

प्रमुख प्रशासकिय अधिकृत